Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिति २०७४/५/२७

## *महिलामाथि भएको हिंसाको मासिक प्रतिवेदन, अगस्ट २०१७*

महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले प्रत्येक महिना आफ्ना कार्यालयमा दर्ता भएका र दैनिक राष्ट्रिय पत्रपत्रिकाहरुमा प्रकाशित भएका घटनाहरुलाई अभिलेखिकरण गरी महिला हिंसाको अवस्थालाई सार्वजनिक गर्दै आएको छ। अगष्ट महिनाको तथ्याङक विश्लेषणलाई आधार मान्दै दिनप्रतिदिन बढ्दै गइरहेको यौनिक हिंसाले महिला तथा बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्यमा असर पारेको कुरालाई प्रस्तुत गरेको छ।

नेपाली समाजमा रहेको पितृसत्तात्मक सोँच र संरचनाका कारण महिलामाथि विभिन्न किसिमका आरोप र लाञ्छना लाग्ने डरले यौनिक हिंसाका घटनाहरु कम मात्रामा दर्ता हुने गरेका छन्। महिला, किशोरी तथा बालिकाहरु घर, विद्यालय, सार्वजनिक स्थल कुनै पनि स्थानमा सुरक्षित रहेका छैनन्। धेरैजसो बलात्कार र यौन दूर्व्यवहार जस्ता हिंसाका घटनाहरु पनि परिवारिक दबाव र परिवारको इज्जत जाने डरले बाहिर आइरहेको अवस्था छैन।

अगष्ट महिनामा मात्रै ओरेकमा **११३** वटा महिला हिंसाका घटनाहरु अभिलेखिकरण भएको छ। जसमध्ये २२ वटा घटना विभिन्न दैनिक राष्ट्रिय पत्रपत्रिकाबाट संकलन गरिएको हो। जसमा ५१ प्रतिशत महिलाहरु शारीरिक हिंसामा परेका छन्। दर्ता भएका ५८ शारीरिक हिंसा घटना मध्ये २१ प्रतिशत महिलाहरु दाइजोका कारणबाट, ९ प्रतिशत बहुविवाह र ३ प्रतिशत बोक्सीका आरोपमा कुटपिट भएका हुन्। यस्तै, २२ प्रतिशत महिलाहरुमाथि मानसिक हिंसा , १४ प्रतिशत बलात्कार, ७ प्रतिशत महिलाहरुमा यौन दुर्व्यवहार भएको छ भने ४ प्रतिशत महिलाको हत्या र २ प्रतिशत महिलाको हत्याको प्रयास भएको पाइएको छ।




*चित्र नं १ महिलामाथि भएका हिंसाका प्रकारहरु*

यसैगरी अगस्ट महिनामा मात्र ओरेकमा २४ वटा यौन दुर्व्यहारका घटनाहरु दर्ता भएका छन्। जसमध्ये ६१ प्रतिशत घटनाहरुमा १६ बर्षमुनिका बालिकाहरु प्रभावित भएको पाइएको छ भने १७ देखि ३५ बर्ष समूहका ३९ प्रतिशत महिलाहरु यौन हिंसाको शिकार भएका छन्। ७१ प्रतिशत यौनिक हिंसाका घटनाहरु महिलाले आत्मीय साथी ठानेका व्यक्तिहरुबाटै भएको पाइएको छ। त्यसैगरी १३ प्रतिशत कुनै पनि सम्बन्ध नभएका व्यक्तिबाट, ८ प्रतिशत महिलाहरु

आफ्नै घरपरिवारका सदस्यहरुबाट यौन हिंसामा परेको पाइएको छ भने अन्य ४-४ प्रतिशत महिलाहरु आफ्ना श्रीमान् र छिमेकीबाट यौन हिंसामा परेको देखिएको छ ।







*बलात्कार, बलात्कारको प्रयास र यौन दुर्व्यवहारका प्रभावितहरुको उमेर समुह*

*बलात्कार, बलात्कारको प्रयास र यौन दुर्व्यवहारका प्रभावितहरुको पीडकसंगको संवन्ध*

**निष्कर्ष :**

यसरी १६ वर्ष भन्दा मूनिका बालिकाहरुमा बढ्दै गएको यौन हिंसाको परिणामले उनीहरुमा शारीरिक तथा मानसिक असर परिरहेको देखिन्छ । त्यस्तै गरी उसको पढाई तथा घरपरिवारबाटै पनि बाहिरीनु परेको अवस्था छ । किनकी हाम्रो समाजमा यौन दुर्व्यवहार गर्ने व्यक्तिलाई भन्दा दुर्व्यवहार सहनुपर्ने व्यक्तिलाई लान्छना लगाउने र दोषी देखाउने गरेको छ । त्यसैले पनि यस्ता दुव्यर्ववहारमा परेका बालबालिकाहरुलाई परिवारले समाजले कुरा काट्ने र  ईज्जत जाने डरले पनि नचाहँदा नचाँहँदै पनि आफुबाट टाढा राखिरहेको अवस्था छ । यसर्थ बालबालिकाहरु एकातिर सानै उमेरमा उनीहरुमाथि भएको हिंसा तथा दुर्व्यवहारका कारण मानसिक तथा शारीरीक दुवै रुपमा प्रभावित भएका छन् भने अर्कोतिर यस्तो नाजुक अवस्थामा परिवारको माया तथा हौसला पनि नपाएको र अलगिएर बस्नुपरेको बाध्यता छ । यसले गर्दा उसको व्यक्तित्व विकास र मानसिक संरचनामा पनि आघात पर्न सक्छ । यसप्रति सम्बन्धित निकायको समयमै ध्यान नपुगेमा यसले अन्य विकराल दुर्घटना ननिम्त्याउला भन्न सकिन्न । तसर्थ यस्ता घटनाहरुलाई संवेदनशिल भई समयमा नै सवै निकायले ध्यान दिनु आवश्यक छ ।



अभिराम राय
कार्यक्रम निर्देशक
ओरेक